बैठक नं ९१

**आज मिति २०८१ कात्तिक महिनाको २९ गते नेपाल सम्वत ११४५ कछलाथ्व त्रयोदशी विहिवारको दिन विहान ११ बजे पालुङटार नगरपालिकाका नगरप्रमुख श्री बिवस चिन्तन ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न निर्णय भई सम्पन्न भयो ।**

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङटार ४ गोरखा | |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङटार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङटार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङटार २ गोरखा | |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङटार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङटार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङटार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङटार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङटार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङटार ८ गोरखा | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङटार ९ गोरखा | |
| १२ | रिखिराज धौराली | वडा अध्यक्ष | पालुङटार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङटार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङटार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङटार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङटार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङटार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङटार १० गोरखा | |
| २१ | गौतम भण्डारी | सदस्य सचिव | गो न पा १४, गोरखा | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र श्रेष्ठ | योजना शाखा | गोरखा | |
| २ | समिक्षा कार्की | योजना शाखा | | |

Scanned with CamScanner

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

बैठक नं : ९१

मितिः २०८१/०७/२९

ने.स ११४५ कछलाथ्व , विहीबार

**कार्यपालिका बैठकका प्रस्तावहरु**

१। समिक्षा
२। सार्वजनिक जग्गा संरक्षण सम्वन्धमा।
३। अटो संचालन सम्वन्धमा।
४। सार्वजनिक सुनुवाई सम्वन्धमा।
५। अन्य स्थानिय तहमा कामकाजमा खटिएको कर्मचारी पदस्थापनको अनुमति सम्वन्धमा।
६। कर्मचारीहरुको करार म्याद थप तथा व्यवस्थापन सम्वन्धमा।
७। निर्माण व्यवसाय ईजाजत पत्रको ठाँउसारी गरि प्रतिलिपि दिने सम्वन्धमा।
८। Wash कार्यक्रमको data verification गर्ने सम्वन्धमा।
९। विविध

Scanned with CamScanner

## निर्णयहरु

१. प्रस्ताव नं १ मा छलफल गर्दा यस नगरपालिकाले गत कार्यपालिका पश्चात हाल सम्म गरेका कार्यहरुको समिक्षा गरियो । साथ विगतका कार्यपालिका बैठकबाट पारित भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे छलफल गरियो ।

२. प्रस्ताव नं २ मा छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाको संरक्षण गर्ने जिम्मेवारी स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकारको पनि रहने व्यवस्था भए बमोजिम यस नगरपालिका क्षेत्रमा रहेको सार्वजनिक जग्गाको संरक्षणका लागि वडा भित्र रहेको सार्वजनिक जग्गाहरुको विवरण सङ्कलन गरि नगर कार्यापालिकामा पेश गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ मा छलफल गर्दा यस नगरपालिकाको मुख्य मुख्य सडक खण्ड बाहेकको अन्य सडकहरुमा सवारीसाधनको असुविधा रहेको कारण नगरवासीलाई दैनिक आवतजावतमा समस्या भएको व्यहोरा मध्ये नजर गरि अटो संचालन सम्वन्धी सम्भाव्यता अध्यायन गरि कार्यविधि बनाई संचालनको अनुमति दिने निर्णय गरियो । साथै हालका लागि लमजुङ जिल्ला हुदै गोरखा जिल्ला जोड्ने मध्येपहाडी लोक मार्ग क्षेत्रमा राईनस नगरक्षेत्र भित्र संचालन हुदै आएको अटोलाई पालुङ्टार नगरपालिका वडा नं ५ ठाँटीपोखरी चोक सम्म मात्र आवतजावत गर्न अवरोध नगर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ मा छलफल गर्दा यस नगरपालिकाको चालु आर्थिक बर्ष २०८१-८२ को प्रथम चौमासिक पुरा भएको प्रथम चौमासिकको सार्वजनिक सुनुवाई गर्नु पर्ने भएकोले वडा नं ३ मा नगरपालिकाले मिति र समय निर्धारण गर्ने गरि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने निर्णय गरियो ।

५.प्रस्ताव नं ५ मा छलफल गर्दा यस नगरपालिका कार्यालयको मिति २०७७-०३-०५ गतेको निर्णय बमोजिम ईन्जिनियरिङ सेवा, सिभिल समुह सहायक स्तर चौथो तह असिस्टेन्ट सव ईन्जिनियर पदमा स्थायी नियुक्ती भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८-०८-२० को निर्णय बमोजिम कर्णाली प्रदेश हुम्ला जिल्ला नाम्खा गाँउपालिका कार्यालयमा खटाएकोमा हाल कर्णाली प्रदेश सरकारले जारी गरेको **स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१** को दफा (१३६) मा प्रदेश भित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वा अन्य प्रदेशको स्थानीय तहबाट प्रदेश भित्रको स्थानीय तहमा यो ऐन प्रारम्भ हुनु भन्दा कम्तीमा एक बर्ष अघि देखि काज वा काज सरुवामा आई कामकाज गरिरहेको कर्मचारीले कामकाज गरिरेहको तहमा पदस्थापना हुन चाहेमा यो ऐन प्रारम्भ भएको मितिले तिन महिना भित्र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा निवेदन दिन सक्ने व्यवस्था रहेको तथा उपदफा (२) मा पदाधिकार रहेको स्थानीय सरकारको कार्यापालिकाले पदस्थापनको सहमति दिनु पर्ने व्यवस्था रहेको र यस कार्यालयको सहमती दिन मानसिव हुने निर्णय समेतको आधारमा निज निवेदक कर्मचारी श्री नविन लामालाई निज हाल कार्यरत कार्यालयमा नै पदस्थापन गर्न सहमति दिने निर्णय गरियो ।

६.प्रस्ताव नं ५ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिबाट करारमा कार्यरत कर्मचारीको सम्वन्धमा तपसिलको निर्णय गरियो ।

Scanned with CamScanner

| क्र.स | कर्मचारीको नामथर | कार्यरत पद | हाल कायम रहने पद /कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | अनिल खत्री | सव- ईन्जिनियर | अ.स- ईन्जिनियर | कात्तिक महिनाबाट लागु हुने गरि |
| २ | प्रधुम्न कुवँर | अमिन ज्यालादारी | अमिन करार | मंसिर महिनाबाट लागु हुने |
| ३ | पंन्च माया कुमाल | अ.न.मी चौथो | अ. न. मी चौथो २४ घन्टे बर्थिङ करार | मंसिर महिनाबाट लागु हुने |
| ४ | हरि माया तिवारी | सामाजिक परिचालक सि.एल.सि | ८ नं वडा कार्यालय समेत हेर्ने गरि | मंसिर महिनाबाट अन्य सामाजिक परिचालक सरह तलब भत्ता खाने गरि हालको तलब भत्तामा रु ६ हजार थप |

७. प्रस्ताव नं ७ मा छलफल लुम्बिनी प्रदेश रोल्पा जिल्ला रुन्टीगढी गाउँपालिका कार्यालयबाट प्रो. विष्णु कुमार वली रहनु भएको गोल्डफिस ईन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लिलाई ( घ) बर्गको निर्माण व्यवसायी ईजाजत पत्र जारी भई मिति २०८१-०५-२३ गते प्रो. विष्णु कुमार वलीबाट गोरखा जिल्ला निवासी सुर्य बहादुर भण्डारीको नाममा फर्म नामसारी भएको र मिति २०८१-०५-२३ च.न २३१ को श्री रुन्टीगढी गाँउपालिकको ठाँउसारी सम्वन्धमा दर्ता सक्कल कागजपत्र सहित प्राप्त पत्रानुसार र प्रो. श्री सुर्य बहादुर भण्डारीले दिनु भएको निवेदन अनुसार निजलाई पालुङटार नगरपालिका वडा नं ९ विर्दी निवासी श्री राजेन्द्र अधिकारीको नाममा दर्ता कायम रहेको साविक मिरकोट गा.वि.स ५ हाल पालुङटार नगरपालिका वडा नं ९ को कि.न. १२३१ मा कार्यालय रहने गरि ठाँउसारी गरी प्रमाणपत्र जारी गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ मा छलफल गर्दा संघीय सरकारको खानेपानी मन्त्रालय प्रदेश सरकार तथा स्थानीय तह विच त्रिपक्षिय सम्झौता भई यस कार्यालय अन्तर्गत कार्यान्वयन भई रहेको Wash कार्यक्रमको हाल सम्मको कार्यक्रम प्रगति समिक्षा गरि हाल सम्म भएको कार्य प्रमाणिकरण गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ मा छलफल गर्दा नगरपालिका कार्यलयले खरिद गरि वितरण गर्न लागिएको विद्युतिय चुलो सामुदायिक विद्यालयमा कक्षा ९-१२ मा अध्यायनरत छात्रछात्राहरुलाई वितरण गर्ने निर्णय गरियो। यस सम्वन्धमा थप मापदण्ड निर्माण गर्न शिक्षा युवा तथा खेलकुद शाखालाई जिम्मा दिने निर्णय गरियो।

१०. प्रस्ताव नं ९ मा छलफल गर्दा यस नगरपालिका वडा नं ६ भोटेकाटेमा निर्माण सम्पन्न भएको नयाँ स्वास्थ्य चौकी भवनबाट सेवा प्रारम्भ गर्ने निर्णय गरियो। हाल कार्यालय रहेको गाईखुर तल्लो मैदानको कार्यालयलाई सेवा कार्यालयको रुपमा स्थापित गरी सेवा प्रवाह निरन्तरता दिने निर्णय गरियो।

११. प्रस्ताव नं ९ मा छलफल गर्दा यस पालुङटार नगरपालिका भित्र संचालित आयोजनाहरुलाई निर्माण सामाग्रीहरुको आवश्यकता रहेको अवस्थालाई मध्ये नजर गरि नगरपालिकाको अधिकार क्षेत्र भित्र रहेको विभिन्न नदिको घाटबाट नदि जन्य पदार्थ उपयोग गर्न सहजिकरण गर्ने निर्णय गरियो।

Scanned with CamScanner